22140141

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A: LITERATURE – HIGHER LEVEL – PAPER 1**
**NÉPALAIS A : LITTÉRATURE – NIVEAU SUPÉRIEUR – ÉPREUVE 1**
**NEPALÉS A: LITERATURA – NIVEL SUPERIOR – PRUEBA 1**

Friday 9 May 2014 (morning)
Vendredi 9 mai 2014 (matin)
Viernes 9 de mayo de 2014 (mañana)

2 hours / 2 heures / 2 horas

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a literary commentary on one passage only.
- The maximum mark for this examination paper is *[20 marks]*.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N’ouvrez pas cette épreuve avant d’y être autorisé(e).
- Rédigez un commentaire littéraire sur un seul des passages.
- Le nombre maximum de points pour cette épreuve d’examen est *[20 points]*.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario literario sobre un solo pasaje.
- La puntuación máxima para esta prueba de examen es *[20 puntos]*.


© International Baccalaureate Organization 2014

https://xtremepape.rs/

तल दिइएका कुनै **एक**को साहित्यिक टिप्पणी लेख्नुहोस् :

**1.**

वसन्तमा कोइली बास्छ, शिशिरमा न्याउली रुन्छ । त्यसरी प्रकृतिको प्राङ्गणमा विचरण गर्ने विहङ्गमहरूले पनि कसरी आफ्नो स्थान र समय छुट्ट्याउँदा हुन् ? शिशिर उराठलाग्दो हुन्छ र वसन्तचाहिँ रमाइलो र सौरभपूर्ण ! सानै छँदा एक दिन आमासित मनमा अनौठो कौतूहल लिएर सोधेको थिएँ - “वसन्त भनेको के हो आमा ?” आमाबाट तत्कालै उत्तर पाएको हुँ - “चैत र वैशाखलाई वसन्त भन्छन्” भनेर । त्यो उत्तर मेरो कल्पनाको विपरीत निस्केको थियो । मैले त ‘वसन्त’ भन्ने कुनै चरा हुन्छ अथवा राता पल्लव र चित्रविचित्रका प्रसूनको समूहलाई रङ्ग भर्दै र पत्ती सजाउँदै आउने ‘जन्तुविशेष’ हो कि भन्ने पो सोचेको थिएँ - प्राचीन साहित्यमा वर्णित र कविहरूद्वारा कल्पना गरिएको पुष्पधन्वा (कामदेव)को प्रतीक जस्तो । हो त वसन्त हाम्रा बारीको डोरामा झाङ्गिएको कोइरालोको रूखमा खूब कलात्मक भएर शीघ्रतासित प्रकट हुन्छ - सेतै-सेतै लेखतिर लालीगुराँसमा एकाएक प्रहर्षित हुन्छ - रातैरातै । सुन्तलाका बोटमा पनि त सुनभन्दा सुन्दर र अमृतमय फलको सूचना दिन चाँदीको अनुरूप भएर चराचुरुङ्गी, पुतली-भमरा आदिलाई आमन्त्रण गर्दै प्रकट हुन्छ, पुष्पपात्रमा मकरन्द व्याप्त गराएर मौरीलाई त्यो पदार्थबाट अझै उत्तम तत्त्व निर्माण गर्ने मौन सङ्केत गर्छ । अनि त्यसको सुरभिले फेरि परिवेशलाई नै परिष्कृत पार्छ ।

ऋतुहरूलाई पनि कालविभाजन गरिकन मानव-अवस्थासित तुलना गरे कस्तो होला ? मेरो विचारमा शिशिर शैशवकै प्रतिरूप हो, जसमा शारीरिक शक्ति हुँदैन, रोदन र क्रन्दन मात्रै प्रतिबिम्बित हुन्छ । गाम्भीर्य कम्ती चाञ्चल्य ज्यादा । शिशुहरूमा पनि त चञ्चलता नै ज्यादा पाइन्छ । चाञ्चल्यको अभाव भएमा सबैको विकास कुँजिन्छ । मध्य वसन्तमा पल्लवहरूको पौल लागे पनि, कोपिला फक्रिए पनि पुराना पात त वसन्तभन्दा पहिले नै झरिसकेर तरुहरू मञ्जरित हुन थाल्छन् । त्यसैले शिशिरको अन्तिम भाग र वसन्तको प्रारम्भतिरलाई विश्वसृष्टिको सङ्केतस्थल सम्झन सकिन्छ । उहिले लाखौं वर्ष पहिले यो ब्रह्माण्डको विभाजन पनि भएको थिएन । नौ ग्रहको साटो एउटै महाग्रह थियो रे । पछि कालान्तरमा त्यही ग्रहबाट टुक्रिएर अरू ग्रहहरूको सृष्टि भएपछि बल्ल उपग्रहहरू अस्तित्वमा आएछन् । सानो ग्रह स्वभावैले चाँडो सेलाउने हुँदा र पृथ्वी पनि बृहस्पति आदि ग्रहको तुलनामा सानै ठहरिएको हुनाले एक दिन हामी बसेको भूग्रहले आफ्नो सृजनकार्य प्रारम्भ गरेछ । पानीको सृष्टि वसन्तमा भयो, त्यसपछि स्थावर-जङ्गम जगतको सृजन पनि एकाएक वसन्त प्रारम्भ र शिशिरकै आखिरमा भयो होला । त्यसै क्रममा उद्भिज्जले अकस्मात् प्रस्फुटित हुने सौभाग्य यही ऋतुमा पायो हो । त्यसै कारण त्यस्तै प्रकारले विचार गर्दा लाखौं वर्षसम्म जडतासित सङ्घर्ष गरी चेतनतत्त्व विजयी भएको शुभमुहूर्त यसैताक हुनुपर्छ । त्यति मात्र कहाँ हुन्थ्यो ? मानिसमा ज्ञान र बुद्धिको उदय भएको उल्लेखनीय तिथि पनि ‘वसन्त पञ्चमी’कै दिन हो । त्यस दिन मनाइने ज्ञानोत्सवले त्यसको साक्षी बक्छ । त्यो पहिलाको सम्झनाको साङ्लो येनकेन प्रकारेण अहिले सम्म पनि छिनिएको छैन ।

कृष्णप्रसाद ज्ञवाली, “वसन्त बेला” *पीपलको छहारी,* २०३२ ।



https://xtremepape.rs/

**2.**

चौकीहरूमा मात्र सिमाना सीमित हुँदैन
सिमाना त तिमीभरि पनि हुन्छ तिम्रो देशको
अतिक्रमण चौकीहरूबाट मात्र हुँदैन
चुलो र कोठाहरूबाट पनि हुन्छ अतिक्रमण
तिमी हामी बेचिइसकेपछि
देशले बेचिइरहनुपर्दैन
सार्वभौमिकता र देशको स्वतन्त्रता
नक्साका रेखाहरूभित्र होइन
त्यस देशका नागरिकका नसाहरूभित्र हुन्छ
चौकीहरूमा मात्र…
सिमानाको रक्षा तोप र ट्रेन्चले मात्र होइन
कोदालो र कारखानाका चिम्नीहरूले पनि गर्ने गर्दछन्
अरे ! सिमान त चौकी र चेकपोस्टहरूमा मात्र होइन
दोकान र बजारमा पनि हुने गर्दछ
र तिमी आफ्नै पसलमा उभिएर भन्न सक्दछौ
तिम्रो स्वतन्त्रता कति परतन्त्र छ भनेर
र तिमी आफ्नै छाती छामेर भन्न सक्दछौ
तिम्रो स्वाधीनता कति पराधीन छ भनेर
चौकीहरूमा मात्र…
त्यसैले ए सगरमाथामा गर्व गर्ने हो !
तिमीले धान, मकै र गहुँको सगरमाथा चुल्याउनुपर्छ
ए गुराँसलाई माया गर्ने हो !
गुराँस तिमीले एक करोड गालाहरूमा फुलाउनुपर्छ
हिमचुलीसित प्रीति गर्ने हो !
एक करोड ओठभित्रका हिमश्रृङ्खला तिमीले खुलाउनुपर्छ
तिम्रो पसिनामा नेपाल ढकमक्किनुपर्छ
तिम्रो रगतमा नेपाल झाँगिनुपर्छ
स्वदेशको गौरव यही हो
कि तिमी स्वयंले नेपाल बन्नुपर्छ
अन्नपूर्णा जत्रो छाती भएको नेपाल
सगरमाथा जत्रो उच्च शिर भएको नेपाल
अँगालोभरि मेची र महाकाली भएको नेपाल
काखभरि करोडौं नेपाली भएको नेपाल
परिश्रमी पौरखीहरूको देश नेपाल
शूर, वीर, पराक्रमीहरूको देश नेपाल

कालीप्रसाद रिजाल, “स्वदेशको गौरव” *के छ र जिन्दगी बिताइदिन्छु*, २०३६ ।



https://xtremepape.rs/